# ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प.सं:- २०८२/०८३
च.नं:-

ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल


## निःशुल्क जग्गा प्राप्ति सम्बन्धी सूचना ।

सूचना प्रकाशित मितिः २०८२/०९/०८

प्रस्तुत विषयमा ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम सुम्निमा पारुहाङ प्रतिमा निर्माण फापरश्वरा वडा नं.-५ को लागि कम्तीमा २ रोपनी जग्गा आवश्यक परेको हुँदा तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही ऐसेलुखर्क गा.पा.-५, महेश्वरी वडा कार्यालयको नाममा निःशुल्क जग्गा उपलब्ध गराउन इच्छुक व्यक्तिहरुले एकल वा संयुक्त रुपले आफूले उपलब्ध गराउन चाहेको जग्गाको विवरण खुलाई यो सूचना प्रकाशित मितिले २१ दिनभित्र आवश्यक कागजात सहित सिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.स. | योजना तथा कार्यक्रम | जग्गा उपलब्ध गराउनु पर्ने क्षेत्र/चार किल्ला | जग्गाको क्षेत्रफल | जग्गा प्राप्तिको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|
| १. | सुम्निमा पारुहाङ प्रतिमा निर्माण फापरश्वरा वडा नं.-५ | ऐसेलुखर्क गा.पा.-५, महेश्वरी (साविक महेश्वरी गा.वि.स. वडा नं.-७) को फापरश्वरा-दोले सडक खण्डको दाँयाबाँया १०० मिटरको क्षेत्रभित्र | कम्तिमा २ रोपनी वा सोभन्दा माथि | निःशुल्क | |

१. **आवश्यक कागजातहरु:**

क. निवेदन,
ख. आ.व. २०८२/०८३ को मालपोत तिरेको रसिदको प्रतिलिपि,
ग. नेपाली नागरिकताको प्रमाणपत्र,
घ. जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि,
ङ. एकाघरका अंशियारको मञ्जुरीनामा पत्र,

२. **शर्तहरु:**

क. जग्गा दुई वा दुई भन्दा बढी जग्गाधनीले समेत मिलाएर दिन सकिने छ ।

ख. तोकिएको समयभित्र पेश हुन आएका प्रस्तावहरुको छानविन गरी प्राविधिक रुपमा उपयुक्त भए/नभएको वा लिने/नलिने सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुने छ ।

ग. जग्गा धनीले निःशुल्क उपलब्ध गराउन चाहेको जग्गा गाउँपालिकाले निर्णय गरेपछि निःशुल्क रजिष्ट्रेशन पास गरिदिनु पर्नेछ ।

घ. दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समयभित्र दरखास्त पेश गर्न सकिनेछ ।

ङ. यस सम्बन्धमा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

२०८२/०९/०८

.............................
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत